# भूमे साप्ताहिक गतिविधि

वर्ष २ अङ्क २० २०७७ पौष १३ सोमबार



## सम्पादकीयः

### विषाक्त पुरुषत्वमा परिवर्तन आजको आवश्यकता

मानवीय जीवनशैलीमा सकारात्मक परिवर्तन वा यस अघिभन्दा सुधारोन्मुखको अवस्थालाई विकास भनेर बुझ्न सकिन्छ। अर्थात्, विकास भनेको मौजुदा अवस्थामा सकारात्मक परिवर्तन हो। विकास हुनका लागि भौतिक पूर्वाधार भएर मात्र हुँदैन आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय समग्र क्षेत्रमा सकारात्मक परिवर्तन भएको हुनुपर्छ। भौतिक पूर्वाधारको विकासलाई विकासको पूर्वाधार भएपनि कतिपय अवस्थामा मापन र सूचकको कारणले अन्य क्षेत्रभन्दा पूर्वाधार विकासमा सजिलै निश्कर्षमा पुगेर सामाजिक विकासलाई कम प्राथमिकता समेत राखेको पाइन्छ। विकास योजना छनौट गर्दा भौतिक पूर्वाधारको योजना सजिलै छनौट हुने भए पनि विशेषगरी सामाजिक विकाससँग सम्बन्धित योजना तथा कार्यक्रम छनौट गर्न र कार्यान्वयन गर्न अलि बढी कठिन भएको पाइन्छ।

विकासको साध्य मानव विकासलाई जोडेर हेर्ने हो भने पूर्वाधार विकास स्वभाविक रुपमा विकास हुने अवस्थामा सामाजिक विकासतर्फ बढी ध्यान केन्द्रित गर्नुपर्ने हुन्छ। सामाजिक विकास भन्नु नै व्यक्तिको शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाईमा गुणस्तरीय पहुँच, भाषा तथा संस्कृतिको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरणका साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हुनु हो। समग्रमा व्यक्तिको सर्वाङ्गीण विकास हुनु, असल र उन्नत समाज निर्माण भई स्वचालित रुपमा समाजको रुपान्तरण, सबैको अपन्तवकरण हुनु नै विकास हो। समाजलाई स्वचालित बनाउन सदियौंदेखि समाजमा रहेका प्रथा, परम्परा, मूल्या मान्यता र संस्कृतिको ठूलो भूमिका रहन्छ। सामाजिक मूल्य मान्यता र रहनसहन नै मानिसको भाषा, संस्कृति, बानी व्यहोराको आधार हुने भएकोले व्यक्तिको रहनसहन र आचरणलाई समेत कतिपय अवस्थामा समाजको विम्बको रुपमा बुझ्ने गरिन्छ।

हामी सबैजना समाजमा हर्केको हुनाले समाजमा भएको मूल्यमान्यताका आधारमा बाल मनोविज्ञानको विकासको चरणदेखि नै त्यही खालको धारणा बन्दै जान्छ। सोहि धारणाकै कारण समाजमा अमानवीय, अस्वीकार्य हिंसाको घटना घट्न जान्छन्। विशेषगरी अधिकांश नेपाली समाजमा पुरुषलाई जन्मजात बलियो, अधिकार सम्पन्न, नेतृत्व गर्न सक्ने व्यक्तिको रुपमा बुझिने र महिलालाई कमजोर रुपमा हेरिने भएकोले समाजमा थुप्रै लैङ्गिक हिंसाका घटना पनि घट्ने, दबाउने, सहने क्रियाकलाप चलिरहन्छ। यसरी लैङ्गिक हिंसा बारम्बार हुन थालेमा हिंसक र हिंसा पीडितको मन शान्त नभएर स्वयंमा आक्रोश त रहिरहन्छ नै बालबालिकामा समेत नकारात्मक असर परिरहेको हुन्छ। जुन परिवारमा बारम्बार हिंसा हुन्छ त्यो परिवारका सदस्यहरु समाजमा तुलनात्मक रुपमा निर्बल र अप्रत्यक्ष बहिष्कृत भैरहेका हुन्छन्। घरको मात्र होइन छिमेकको बालबालिकाको मनोविज्ञानमा समेत नकारात्मक प्रभाव परिरहेको हुन्छ। समाज नै लैङ्गिक हिंसालाई स्वीकार्ने, प्रश्रय दिने भएमा, परिवर्तनमुखी नभएर पुरातन भएमा त्यो समाजका व्यक्ति अन्यको तुलनामा कमजोर हुन्छ भन्ने कुरा सबैले बुझेकै कुरा हो। तसर्थ सकारात्मक सोंच/ चिन्तन पनि खास विकासको आधार हो। समाजमा पुरुष भएर जन्मदैमा पुरुषले मात्र सम्पत्तिको हकदार हुने, नेतृत्व लिने, मालिक हुने हकदार हुन् र महिला चाहिँ समर्थक र दास मात्र हुन् भन्ने विषाक्त पुरुषत्वको धारणालाई समाजबाट नहटाउँदासम्म समाजमा लैङ्गिक हिंसा निवारण होइन न्यूनिकरण मात्र हुन्छ। समाजमा जरा गाडेर बसेको खराब मूल्य मान्यतालाई हटाउन एकैछिनमा एकै पटकमा सम्भव हुने कुरा होइन। असमानताको जड नै विभेदपूर्ण मूल्य मान्यता भएकाले अभियानमुखी कार्यक्रममार्फत सामाजिक रुपान्तरण गर्दै राष्ट्रिय विकासमा जोड दिन आवश्यक छ।

प्रकाशकः

भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

लुम्बिनी प्रदेश नेपाल

# वडा नं. ५ र २ मा वडास्तरीय खानेपानी सरसफाई समन्वय समितिको बैठक सम्पन्न

*७ पौष २०७७, खाबाङबगर ।*



भूमे गाउँपालिकाको आर्थिक सहयोग र रुकुमेली समाज विकास केन्द्र रुकुमको प्राविधिक सहयोगमा सञ्चालित खानेपानी तथा सरसफाइसम्बन्धी रणनितिक कार्ययोजना कार्यन्वयन कार्यक्रम अन्तरगत भूमे गाउँपालिका वडा नं. ५ सेराबाङमा वडा स्तरीय सरसफाइ समन्वय समितिको बैठक सम्पन्न भएको छ ।

भूमे गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष तथा वडा स्तरीय सरसफाइ समन्वय समितिका संयोजक टेक प्रसाद बुढाको अध्यक्षतामा भएको बैठकले सरसफाइ कार्यक्रम कार्यान्वयनका क्रममा अटेरी गरेमा जोकोहीलाई वडा पालिकाबाट पाउने सेवा सुविधा रोक्का गर्ने निर्णय गरेको छ । साथै वडा पालिकाका आम समुदायलाई आ-आफ्नो ठाउँबाट सक्दो सहयोग गरी आफू र आफ्नो घर टोल र समाजलाई सफा र स्वच्छ बनाई निरोगी बन्न समेत संयोजक बुढाले अनुरोध गर्नु भएको छ। बैठकको सहजीकरण वास अधिकृत संगम देवकोटाले गर्नुभएको थियो ।

त्यस्तै रुकुमेली समाज विकास केन्द्र रुकुमको प्राविधिक सहयोगमा सञ्चालित सुआहारा कार्यक्रम अन्तरगत भूमे गाउँपालिका वडा नं. २ मा आमा



समूहको बैठक सम्पन्न भएको छ । बैठकले हजार दिनका आमाहरू लाई सम्मान गरिएको सुआहारा कार्यक्रमका फिल्ड सुपरभाइजर कुल बहादुर नेपालीले बताउनु भयो। सम्मानित हुनेमा सोही वडाका आशा राई बुढा र तुल्सरी बुढालाइ साबुन, अण्डा वितरण गरिएको नेपालीले बताउनु भयो ।

## वडा नं. ८ मा वडास्तरीय खानेपानी सरसफाई समन्वय समितिको बैठक सम्पन्न



*८ पुस २०७७, खाबाङबगर ।*

भूमे गाउँपालिकाको आर्थिक सहयोग र रुकुमेली समाज विकास केन्द्र रुकुमको प्राविधिक सहयोगमा सञ्चालित सरसफाई रणनीतिक कार्ययोजना कार्यान्वयन कार्यक्रम अन्तर्गत भूमे गाउँपालिका वडा नं. ८ मा वडा स्तरीय सरसफाई समन्वय समितिको बैठक सम्पन्न भएको छ । भूमे गाउँपालिका वडा नं. ८ का वडाध्यक्ष पञ्च बहादुर रोकाको अध्यक्षतामा बसेको बैठकले वडा स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समिति पुनर्गठन गरेको छ । वडा अध्यक्ष तथा सरसफाइ समन्वय समिति पञ्च बहादुर रोकाको संयोजकत्वमा १५ सदस्य वडा स्तरीय सरसफाइ समन्वय समिति पुनर्गठन गरिएको हो । बैठकले वडा नं. ८ मा चार किल्ला छुट्याएर ८ वटा टोल विकास संस्था गठन गर्ने निर्णय गरेको छ । उक्त वडामा टोल विकास संस्था गठन गरेपछि सरसफाइ कार्यक्रम अझ प्रभावकारी हुने जनविश्वास गरिएको छ । *(फोटो तथा समाचार स्रोत सङ्गम देवकोटा)*

## सहकारी व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न

*७ पौष २०७७, खाबाङबगर ।*

सहकारी प्रशिक्षालय बाँकेको आयोजनामा भूमे गाउँपालिकाको सभा हलमा रुकुम (पूर्व) जिल्लाका सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुलाई सहकारी व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न भएको छ । रुकुम (पूर्व) जिल्लाका पुथाउत्तरगङ्गा गाउँपालिकाबाट ७ जना, भूमे गाउँपालिकाबाट ८ जना र सिस्ने गाउँपालिकाबाट ६ जना सहकारीकर्मी तथा कर्मचारीहरुलाई प्रशिक्षालयले सहकारी व्यवस्थापन सम्बन्धी

तालिम प्रदान गरेको हो । ६ दिनसम्म चलेको उक्त तालिममा सहकारीसम्बन्धी मौजुदा ऐन, नियममा भएका व्यवस्था, सहकारी सञ्चालन प्रक्रिया, नेपालमा सहकारिताको विकास र त्यसबाट सिक्नुपर्ने पाठ, व्यवसायिक योजना र रणनीति तर्जुमा जस्ता विषयवस्तुमा रहेर प्रदान गरिएको तालिमले सुषुप्त अवस्थामा रहेका र केही गर्न खोजे पनि उचित योजना तर्जुमा गर्न कठिन भएका सहकारीहरु सक्रिय हुन र सहकारी सञ्चालन तथा व्यवस्थापनमा धेरै प्रभावकारी रहेको कुरा तालिमका प्रशिक्षार्थी तथा मारिङ बहुउद्देश्यीय सहकारी संस्था लि. भूमे २ खाबाङबगरका व्यवस्थापक सन्दिप अधिकारीले बताउनुभयो ।




तालिमको उद्घाटन तथा समापन सहकारी प्रशिक्षालय बाँकेका निमित्त प्राचार्य श्री दिपकुमार वलीको अध्यक्षता, भूमे गाउँपालिका अध्यक्ष श्री रामसुर बुढा मगरको प्रमुख आतिथ्यता र जिल्ला सहकारी संघ रुकुम (पूर्व) का अध्यक्ष बसन्त कुमार श्रेष्ठको आतिथ्यतामा भएको थियो भने तालिम अवधिमा प्रस्तुतकरण तथा सहजीकरण दिपकुमार वली, पर्शराम भुसाल, विश्वलाल खड्गा र बसन्त कुमार श्रेष्ठले गर्नुभएको थियो ।

## चुनबाङमा उपभोक्ता हित संरक्षण समितिद्वारा बजार अनुगमन

*११ पुस २०७७, खाबाङबगर ।*

भूमे गाउँपालिकाको उपभोक्ता हित संरक्षण समितिले वडा नं. ९ चुनबाङका विभिन्न बजार तथा पसलहरुमा अनुगमन गर्दा म्याद नाघेका खाद्यपदार्थ लगायत उपभोग्य वस्तुहरु फेला परेपछि बरामद गरी नष्ट गर्नुका साथै उपभोक्तामा जागरण कार्यक्रम सम्पन्न गरेको छ ।

गाउँपालिका उपाध्यक्ष एवं समितिका संयोजक मनकुमारी बुढा विष्टको नेतृत्वमा प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख, स्वास्थ्य एकाइ प्रमुख तथा स्थानीय प्रहरीसहितको टोलीले गैरीगाउँ बजार र लाखरखोला बजारका १० वटा पसलहरु अनुगमन गर्दा उपभोग्य म्याद नाघेका चाउचाउ, बिस्कुट, चकलेट, बियर, फुरनदाना लगायतका करिब ३८ हजार दुई सय सत्तरी रुपैयाँ बराबरको दैनिक उपोग्य वस्तुहरु

भेटिएपछि म्याद नाघेका बस्तु बरामद गरी नष्ट गर्नुका साथै उपभोक्ता हित जागरण कार्यक्रम समेत गरेको छ ।



म्याद नाघेका खाद्यवस्तु खाँदा स्वास्थ्यमा पर्ने असर बारे उपभोक्ता र स्थानीय व्यापारीहरुमा समेत जानकारीको अभावमा उपभोग्य म्याद नाघेका खाद्य सामाग्रीको उपभोग हुने कुरालाई मध्यनजर गर्दै गाउँपालिकाले उपभोग गर्न नमिल्ने वस्तु नष्ट गर्नुका साथै म्याद नाघेको वस्तु उपभोग गर्दा स्वास्थ्यमा पर्ने नकारात्मक असर, पतुर खानाको दीर्घकालीन असर, स्थानीय खाद्यवस्तुको उपभोग प्रवर्द्धन सम्बन्धी सचेतना कार्यक्रम गरेको हो । कार्यक्रममा उपस्थित उपभोक्ताहरुले बजारबाट आयातित उपभोग्य वस्तुको उपभोग्य मिति भए नभएको हेर्ने तरिका थाहा नभएको र आगामी दिनमा उपभोक्ताले पनि जाँच गरेर किन्ने, यसखालका अनुगमन कहिलेकाहीं भन्दा पनि नियमित र निरन्तर गरिरहनुपर्ने माग उपभोक्ताबाट उठेको थियो । सो अवधिमा अनुगमन टोलीका संयोजक तथा गाउँपालिका उपाध्यक्ष मनकुमारी बुढा विष्टले गाउँपालिकाले पनि जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय, उद्योग वाणिज्य संघ लगायतका सरोकारवाला निकायहरुसँगको समन्वयमा बजार अनुगमन तथा उपभोक्ता हित प्रवर्द्धन कार्यक्रम बेला बेलामा भैरहेको भएपनि पर्याप्त नभएकाले बेला बेला छड्के अनुगमन हुने प्रतिवद्धता जनाउदै आफ्नो स्वास्थ्य र उपोक्ता हितमा हरेक व्यक्ति सचेत हुँदै खबरदारी गर्न समेत अनुरोध गर्नुभयो ।

## सामाजिक समावेशीकरण डेस्क स्थापना

*१० पुस २०७७, खाबाङबगर*

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, खाबाङबगरमा सामाजिक समावेशीकरण डेस्क स्थापना भएको छ ।

गाउँ कार्यपालिका बैठकबाट गाउँपालिकामा सबै प्रकारका सामाजिक विभेद, कुरीति, अन्धविश्वाससँग जोडिएका लैङ्गिक हिंसा, जातीय विभेद, अपाङ्गता भएका व्यक्तिको सहज रुपमा गुनासो टिपोट, लैङ्गिक समानता, दलित तथा अल्पसंख्यक व्यक्तिको अधिकार, जातीय विभेद अन्त्य लगायतका सन्दर्भ सामाग्रीहरु संकलन तथा प्रवाह गर्न र आवश्यकतानुसार सहयोग तथा सहजीकरण गर्न पालिकामा सामाजिक समावेशीकरण डेस्क स्थापना गर्ने निर्णय भएको थियो। गाउँ कार्यपालिकाको निर्णय बमोजिम सामाजिक समावेशीकरण डेस्क सञ्चालन तथा व्यवस्थापनका लागि महिला, बालबालिका तथा समाज कल्याण एकाइका शाखा प्रमुख यमुना खड्का, पोषण स्वयंसेवक एलिसा सुनार र कार्यालय सहयोगी ओक बहादुर कामीलाई सामाजिक समावेशीकरण डेस्कको सम्पर्क व्यक्ति (फोकल पर्सन) को जिम्मेवारी समेत तोकेको छ।




गाउँपालकाबासी जो कसैलाई लैङ्गिक, जातीय हिंसा भएमा, अबाञ्छित क्रियाकलाप गरेमा सम्पर्क व्यक्तिकहाँ फोन, इमेल वा प्रत्यक्ष भेटेर गुनासो/सुझाव टिपाउन सकिने र त्यसको यथाशीघ्र सुनुवाई गर्ने व्यवस्था मिलाइएको छ।

# गाउँपालिका कार्यालयमा अटो–स्यानिटरी प्याड र डिस्पोज मेसिन जडान

*११ पुस २०७७, खाबाङबगर ।*

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको महिला शौचालयमा स्वचालित रुपमा स्यानिटरी प्याड र स्यानिटरी प्याड डिस्पोज गर्नका लागि स्यानिटरी प्याड जलाउने मेसिन (इन्सिनेरेटर) जडान गरिएको छ।







यसअघि काठको बाकसमा स्यानिटरी प्याड राखिएकोमा अबदेखि एक पटकमा ५० वटा स्यानिटरी प्याड भण्डारण भई स्मार्ट कार्ड राखेपछि आवश्यकतानुसार निकाल्न सकिने स्वचालित स्यानिटरी प्याड भेण्डिङ मेसिनबाट कार्यालयमा स्यानिटरी प्याड वितरण व्यवस्थापनमा सहज हुने र फोहर स्यानिटरी प्याडलाई इन्सिनेरेटरमा राखेपछि जलेर आफै नष्ट हुने भएकाले फोहर व्यवस्थापनमा समेत सहजता आएको एक महिला कर्मचारीले बताउनुभयो । भूमे गाउँपालिकाले सामाजिक समावेशीकरण डेस्कको स्थापना र निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन कार्यको थालनीले लैङ्गिकमैत्री कार्यालय वातावरणमा सहयोग पुग्ने विश्वास गरिएको छ।

## साताको रचनाः

### स्वतन्त्रताको कुन्ठा (कविता)

जहाँ निष्फिक्री भई सपना देख्न सक्दैन्
कल्पनाका असीमित उडानहरु भर्न सक्दैन्
इच्छाहरु बारम्बार तुहाउनु पर्दछ,
खै त्यो पनि के जीवन र ?
जहाँ स्वतन्त्र भई चरी जस्तै कावा खान सक्दैन्
लाग्छ बाच्नु भन्नु सास फेर्नु मात्र हो ।

ती साससले पनि बेला-बेला निरास भई प्रश्न गर्दछन्
के जिन्दगीको फैलावट यत्ती हो ?
के खुशीहरुको रङ्ग यही हो ?
मन मनै म उदेक उत्तर दिन्छु
बाध्यताको जन्जिरले कसिएर
सपनाका भ्रुणहरु गर्भ मै तुहिरहेछन्
समयको चंगोलमा फसिएर
खुशीका रङ्गहरु धुमिल भई रहेछन्
लाचार छु, विवश छु
वश् वश् मात्र सास फेरिरहेछु

राजन महत्रा
सहायक पाँचौ, भूमे गाउँपालिका
स्थायी ठेगानाः पाणिनी- ७, अर्घाखाँची

## साताको सूचनाहरु

**सूचना प्रकाशन गर्ने शाखा/एकाइः** स्वास्थ्य एकाइ

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(आन्तरिक पदपूर्ति समिति)

खाबाङवगर, रुकुम )पूर्व(
लुम्बिनीप्रदेश,नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७२

मितिः २०७७।०९।०७

**ल्याब टेक्निसियन सिफारिश सम्बन्धी सूचना!**

यस कार्यालयको विज्ञापन नं. ०५/२०७७-०७८ पाँचौं तह, ल्याब टेक्निसियन पद, माग पद संख्या २ (दुई) का लागि छोटो सूची र लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका १ (एक) जना उम्मेदवारहरुको मिति २०७७।०९।०५ गते अन्तर्वार्ता परीक्षा सञ्चालन भएकोमा अन्तर्वार्तामा उपस्थित १ (एक) जना उम्मेदवारहरुको छोटो सूची, लिखित परीक्षा र अन्तर्वार्ता परीक्षा समेतको प्राप्ताङ्कका आधारमा देहाय बमोजिमको योग्यताक्रम कायम हुन आएकोले नियमानुसार करार नियुक्तिका लागि सिफारिश गर्ने मिति २०७७।०९।०७ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**सिफारिश योग्यताक्रमः**

| यो.क्र.सं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | पुस्कर के.सी. | मु.न.पा.७,रुकुम(पश्चिम) | खिम ब./लिला | अदुसिंह | सिफारिस |

नोटः सिफारिश भएका उम्मेदवारहरुले सिफारिश भएको मितिले ७ (सात) दिनभित्र नियुक्ति नलिएमा वैकल्पिक उम्मेदवारलाई सिफारिश गरिनेछ।

चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

**सूचना प्रकाशन गर्ने शाखा/एकाइः** पशु सेवा केन्द्र

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(आन्तरिक पदपूर्ति समिति)

वाफ़ीकोट, रुकुम (पूर्व)
लुम्बिनीप्रदेश,नेपाल

**ना.प्र.स्वा.प्रा.(एक गाउँ एक प्राविधिक)पदको सिफारिस सम्बन्धी सूचना!**

मितिः २०७७।०९।१२

यस कार्यालयको विज्ञापन नं.१४/२०७७-०७८ ना.प्र.स्वा.प्रा. (एक गाउँ एक प्राविधिक)को माग पद संख्या २ (दुई) का लागि छोटो सूची र लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका ५ (पाँच) जना उम्मेदवारहरुको मिति २०७७।०९।०८ गते अन्तर्वार्ता परीक्षा सञ्चालन भएकोमा अन्तर्वार्तामा उपस्थित ५ (पाँच) जना उम्मेदवारहरुको छोटो सूची, लिखित परीक्षा र अन्तर्वार्ता परीक्षा समेतको प्राप्ताङ्कका आधारमा देहाय बमोजिमको योग्यताक्रम कायम हुन आएकोले नियमानुसार करार नियुक्तिका लागि सिफारिस गर्ने मिति २०७७।०९।१२ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**सिफारिस योग्यताक्रमः**

| यो.क्र. सं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०४ | जनम बुढा | भूमे-४, रुकुम (पूर्व) | थल ब./धन कुमारी | भिम बहादुर | |
| २. | ०९ | दिल कुमारी सुनार | भूमे-३, रुकुम (पूर्व) | दुर्ग/दाल कुमारी | जवरसिंह | |

**वैकल्पिक योग्यताक्रमः**

| यो.क्र. सं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०११ | अनिता खड्का | सानीभेरी-११,रुकुम(पश्चिम) | कृपाराम/कौशिला | कर्णसिंह | |

नोटः सिफारिस भएका उम्मेदवारहरुले सिफारिस भएको मितिले ७ (सात) दिनभित्र नियुक्ति नलिएमा वैकल्पिक उम्मेदवारलाई सिफारिस गरिनेछ।

**सूचना प्रकाशन गर्ने शाखा/एकाइः** *प्रशासन, योजना तथा अनुगमन शाखा*

भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खावाङबगर, रुकुम (पूर्व)

लुम्बिनी प्रदेश, नेपाल

## नतिजा प्रकाशन सम्बन्धी सूचना

मितिः २०७७/०९/०७

भूमे गाउँपालिका गाउँकार्यपालिका बैठकको मिति २०७७/०५/०६ को निर्णयानुसार गाउँपालिकामा वडा सहायक (स्वयंसेवक) पदपूर्ति लागि मिति २०७७/०७/१३ गते दरखास्त आह्वानको प्रकाशित सूचना अनुसार मिति २०७७/०८/२७ गते सञ्चालन भएको लिखित परीक्षामा समावेश भएका उम्मेदवारहरु मध्ये देहाएका उम्मेदवार उर्तीर्ण भई अन्तर्वाताका लागि छनौट भएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरुले भूमे गाउँपालिकाको कार्यालयमा देहायको मिति, समय र स्थानमा सञ्चालन हुने अन्तर्वाता परीक्षामा आवश्यक सक्कलै प्रमाणपत्रहरु सहित १ (एक) घण्टा अगावै उपस्थित हुनु पर्नेछ ।

**तपशिलः**

१.विज्ञापन नं. ०११-०७७/०७८ २.पद/तहः वडा सहायक (स्वयंसेवक) ४. माग संख्याः ८

लिखित परीक्षामा सम्मिलित संख्याः ५७ (**सन्तावन्न**) अन्तरवार्ताको लागि छनौट भएको संख्याः (१८)

| क्र.स. | नाम थर (वर्णानुक्रम अनुसार) | बाबु/आमाको नाम थर | बाजेको नाम थर | ठेगाना |
|---|---|---|---|---|
| १. | ओम प्रकाश वि.क. | तिलु/मन कुमारी | धर्मराज | भूमे -३, रुकुम (पूर्व) |
| २. | कल्याण रोका मगर | लोक ब./दिल कुमारी | कृष्णा | भूमे -७, रुकुम (पूर्व) |
| ३. | गणेश बुढा | नरपति/चिजमाली | राजु | भूमे -७ रुकुम (पूर्व) |
| ४. | चिजमाया पुन | चन्द्र ब./खिम माया | टेके | भूमे -९ रुकुम (पूर्व) |
| ५. | चेतना रोका मगर | सुकमान/सन्जिता | कालु | भूमे -८ रुकुम (पूर्व) |
| ६. | जया कुमारी पुन | सुक ब./मनराखी | - | भूमे -६ रुकुम (पूर्व) |
| ७. | ज्योती पुन मगर | रुपलाल/रामलागी | राम ब. | भूमे -२ रुकुम (पूर्व) |
| ८ | बरमान सुनार | हर्कमान/मनकुमारी | दुर्गालाल | भूमे -६, रुकुम (पूर्व) |
| ९ | दिपक बुढा | धर्मराज/मोहोनसरी | जगत | भूमे -२, रुकुम (पूर्व) |
| १० | बिर प्रकास बुढा | सर्वधन/सनपटा | नरसिं | भूमे -१, रुकुम (पूर्व) |

**सूचना प्रकाशन गर्ने शाखा/एकाइः** प्रशासन, योजना तथा अनुगमन क्रमशः

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ११ | बिरेन बुढा मगर | खडक ब./कमेनी | लिलाराम | भूमे -२, रुकुम (पूर्व) |
| १२ | भिम प्रकाश नेपाली | पुन्दर / सुकमति | - | भूमे -५, रुकुम (पूर्व) |
| १३ | रन्जना रोका मगर | मेग प्रसाद/विष्णु | कर्ण ब. | भूमे -६, रुकुम (पूर्व) |
| १४ | रमिता पुन मगर | लालजित /बालदेवी | चन्द्रविर | भूमे -४, रुकुम (पूर्व) |
| १५ | लजिम प्रसाद बुढा | पन्च ब./जमना | हिक्मत | भूमे -८, रुकुम (पूर्व) |
| १६ | समुन्द्र बुढा मगर | मन ब./भागिपूरा | मन प्रसाद | त्रिपुर न.पा. दाङ -१० |
| १७ | सितल बुढा | मोहोनलाल/मनपूरा | कैले | भूमे -८, रुकुम (पूर्व) |
| १८ | सुरेन्द्र रोका | लोक ब./दिल कुमारी | कृष्ण | भूमे -७, रुकुम (पूर्व) |

| विज्ञापन नं. | पद/तह | अन्तर्वाता हुने मिति | समय | स्थान |
|---|---|---|---|---|
| ११-०७७/०७८ | वडा सहायक (स्वयंसेवक) | २०७७/०९/१५ | बिहानः११:०० बजे | भूमे गाउँपालिकाको कार्यालय |

**सूचना प्रकाशन गर्ने शाखा/एकाइः** *शिक्षा युवा तथा खेलकूद शाखा*

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(आन्तरिक मामिला समिति)

खाबाङ्बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश,नेपाल

## आधारभूत तह अंग्रेजी विषयको सिफारिस सम्बन्धी सूचना !

मितिः २०७७।०९।०६

यस कार्यालयको विज्ञापन नं. ६/२०७७-०७८ आधारभूत तह अंग्रेजी विषयको माग पद संख्या १२ (बाह्र) का लागि छोटो सूची र लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका १५ (पन्ध्र) जना उम्मेदवारहरुको मिति २०७७।०९।०३ गते अन्तर्वार्ता परीक्षा सञ्चालन भएकोमा अन्तर्वार्तामा उपस्थित १५ (पन्ध्र) जना उम्मेदवारहरुको छोटो सूची, लिखित परीक्षा र अन्तर्वार्ता परीक्षा समेतको प्राप्ताङ्कका आधारमा देहाय बमोजिमको योग्यताक्रम कायम हुन आएकोले नियमानुसार करार नियुक्तिका लागि सिफारिस गर्ने मिति २०७७।०९।०६ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**सिफारिस योग्यताक्रमः**

| यो. क्र. सं. | रोल नं. | उम्मेदवारको नाम थर | स्थायी ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम | सिफारिस हुने विद्यालय |
|---|---|---|---|---|---|---|
| १ | ०७ | कमानसिंह बुढा | भूमे-५ , रुकुम (पूर्व) | छविलाल /मरमी | रुपे | आधारभूत विद्यालय दालिवाङ |
| २ | १८ | चन्दा कँवर | भूमे-३ , रुकुम (पूर्व) | बाबुराम/भागिसरा | कर्म | नमूना आधारभूत विद्यालय मोरावाङ |
| ३ | २० | अर्जुन बुढा मगर | भूमे-८ , रुकुम (पूर्व) | गणेश/धोम कुमारी | खड्क ब. | टक्सार आधारभूत विद्यालय झुम्लावाङ |
| ४ | ०६ | सकुन्तला मल्ल | सिस्ने-६, रुकुम (पूर्व) | बसन्त कुमार/ढाका कुमारी | जयन्द्र ब. | जनविकास आधारभूत विद्यालय तल्लो साकिम |
| ५ | २१ | लगन सेती महर | भूमे-८, रुकुम (पूर्व) | मोतिराम | बल ब. | चैतेछहरा आधारभूत विद्यालय पेदी धर्मशाला |
| ६ | १५ | सुनिल बुढा | भूमे-८, रुकुम (पूर्व) | पूर्णविर/पूर्ण कुमारी | भरत बं | नेपाल राष्ट्रिय आधारभूत विद्यालय कोर्जा |
| ७ | २२ | गणेश बुढा | भूमे-७ , रुकुम (पूर्व) | नरपति/चिजमाली | राजु | जनज्योति आधारभूत विद्यालय धर्मशाला |
| ८ | ०१ | प्रकृती गुरुङ | भूमे-६ , रुकुम (पूर्व) | ज्ञान बं/निम कुमारी | पिर्ति | जनशक्ति आधारभूत विद्यालय झिम्का |
| ९ | १३ | सुस्मा श्रेष्ठ | भूमे-९ , रुकुम (पूर्व) | उत्तम/उमा | जय कुमार | आधारभूत विद्यालय दुवाचौर |
| १० | ०५ | अनुपमा नेपाली | सिस्ने-५, रुकुम (पूर्व) | बल बं/मिना | सेते | आधारभूत विद्याललय सिमचौर |
| ११ | ०९ | कविता घर्ती मगर | भूमे-४ , रुकुम (पूर्व) | जगत बं/ओइली | फर्के | बराहा आधारभूत विद्यालय स्याला |
| १२ | १२ | तारक रोका मगर | भूमे-३ , रुकुम (पूर्व) | मोहोनलाल/खगिसरा | चक्रविर | त्रिभूवन आधाभूत विद्यालय खावाङ |

चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(आन्तरिक प्रशासन समिति)

खाबाङ्वगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश,नेपाल

**वैकल्पिक योग्यताक्रम:**

| यो.क्र.सं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २५ | विपना शाही | भूमे.-३, रुकुम (पूर्व) | पूर्ण बं/डम्वर | विर्ख | |
| २ | १४ | पुनम बुढा मगर | भूमे-९ , रुकुम (पूर्व) | विर बं/मनसरा | जोखे | |
| ३ | १६ | विरेन बुढा मगर | भूमे-२ , रुकुम (पूर्व) | खडक बं/ कमेनी | लिलाराम | |

नोटः सिफारिस भएका उम्मेदवारहरुले सिफारिस भएको मितिले ७ (सात) दिनभित्र नियुक्ति नलिएमा वैकल्पिक उम्मेदवारलाई सिफारिस गरिनेछ।

चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

(आन्तरिक पदपूर्ति समिति)

खाबाङवगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश,नेपाल

**आधारभूत तह गणित विषयको सिफारिस सम्बन्धी सूचना!**

मितिः २०७७।०९।०६

यस कार्यालयको विज्ञापन नं. ७/२०७७-०७८ आधारभूत तह गणित विषयको माग पद संख्या ९ (नौ) का लागि छोटो सूची र लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका ९ (नौ) जना उम्मेदवारहरुको मिति २०७७।०९।०३ गते अन्तर्वार्ता परीक्षा सञ्चालन भएकोमा अन्तर्वार्तामा उपस्थित ९ (नौ) जना उम्मेदवारहरुको छोटो सूची, लिखित परीक्षा र अन्तर्वार्ता परीक्षा समेतको प्राप्ताङ्कका आधारमा देहाय बमोजिमको योग्यताक्रम कायम हुन आएकोले नियमानुसार करार नियुक्तिका लागि सिफारिस गर्ने मिति २०७७।०९।०६ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**सिफारिस योग्यताक्रमः**

| यो. क्र. सं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम | सिफारिस विद्यालय |
|---|---|---|---|---|---|---|
| १ | १५ | प्रभास ओली | भूमे-९ , रुकुम (पूर्व) | सर्वजित/संगिता | चिमा | बालज्योती आधारभूत विद्यालय दहबाङ |
| २ | ०७ | दिलसा पुन मगर | भूमे-९ , रुकुम (पूर्व) | जुमान /मनकुमारी | मोतिराम | सन्नी आधारभूत विद्यालय गलमछिन्ने |
| ३ | ०९ | आयूष बुढा मगर | भूमे-५ , रुकुम (पूर्व) | तुलजित/नन्दकुमारी | जित ब. | जनाता आधारभूत विद्यालय सेराबाङ |
| ४ | ०२ | केशब शाही | भूमे-३ , रुकुम (पूर्व) | पूर्ण ब./डम्मरकुमारी | विर्ख ब. | शहिद बासु स्मृती आधारभूत विद्यालय क्याङसी |
| ५ | ०८ | विमला खड्का | सिस्ने-८,रुकुम (पूर्व) | रण ब. /आइतिदेवी | वलीराम | जनचेतना आधारभूत विद्यालय खाम्दै |
| ६ | १० | केशब पुन | भूमे-२ , रुकुम (पूर्व) | इन्द्र ब./रामपुरा | बल कहादुर | हिमालय आधारभूत विद्यालय गाबाङ |
| ७ | ११ | दिल कुमार रोका | भूमे-७ , रुकुम (पूर्व) | पूर्णविर/श्रीमा | भरत ब. | बाल जनजागरण आधाभूत विद्यालय रिसालचौर |
| ८ | ०६ | देवेन्द्र पुन मगर | भूमे-१ , रुकुम (पूर्व) | जीत ब./धन कला | आसपर्ती | भूमी आधारभूत विद्यालय रुजिखोला |
| ९ | १३ | अमन बुढा मागर | भूमे-६ , रुकुम (पूर्व) | अन्तेश्वर/विनमाया | जित ब. | बालविकास आधाभूत विद्यालय गोठिबाङ |

नोटः सिफारिस भएका उम्मेदवारहरुले सिफारिस भएको मितिले ७ (सात) दिनभित्र नियुक्ति नलिएमा वैकल्पिक उम्मेदवारलाई सिफारिस गरिनेछ।

चन्द्रसिंह नेछ
प्रमुख प्रशासकीय अधिकृत

# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(आन्तरिक पदपूर्ति समिति)

खाबाङवगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश,नेपाल

## माद्यामिक तह कम्प्युटर विषयको सिफारिस सम्बन्धी सूचना!

मितिः २०७७।०९।०६

यस कार्यालयको विज्ञापन नं. ०८/२०७७-०७८ माद्यामिक तह कम्प्यूटर विषयको माग पद संख्या २ (दुई) का लागि छोटो सूची र लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका १ (एक) जना उम्मेदवारहरुको मिति २०७७।०९।०४ गते अन्तर्वार्ता परीक्षा सञ्चालन भएकोमा अन्तर्वार्तामा उपस्थित १ (एक) जना उम्मेदवारहरुको छोटो सूची, लिखित परीक्षा र अन्तर्वार्ता परीक्षा समेतको प्राप्ताङ्कका आधारमा देहाय बमोजिमको योग्यताक्रम कायम हुन आएकोले नियमानुसार करार नियुक्तिका लागि सिफारिस गर्ने मिति २०७७।०९।०६ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**सिफारिस योग्यताक्रमः**

| यो.क्र.सं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम | सिफारिस हुने विद्यालय |
|---|---|---|---|---|---|---|
| १ | ०१ | सिता डाँगी खड्का | त्रिवेणी -५, रुकुम (पश्चिम) | नर बं/ससिला | अतिराम | नेपाल राष्ट्रिय माद्यामिक विद्यालय चुनवाङ |

नोटः सिफारिस भएका उम्मेदवारहरुले सिफारिस भएको मितिले ७ (सात) दिनभित्र नियुक्ति नलिएमा वैकल्पिक उम्मेदवारलाई सिफारिस गरिनेछ।

चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(आन्तरिक पदपूर्ति समिति)

खाबाङवगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश,नेपाल

## माद्यामिक तह नेपाली विषयको सिफारिस सम्बन्धी सूचना!

मिति: २०७७।०९।०६

यस कार्यालयको विज्ञापन नं. ९/२०७७-०७८ माद्यामिक तह नेपाली विषयको माग पद संख्या १ (एक) का लागि छोटो सूची र लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका ३ (तीन) जना उम्मेदवारहरुको मिति २०७७।०९।०४ गते अन्तर्वार्ता परीक्षा सञ्चालन भएकोमा अन्तर्वार्तामा उपस्थित ३ (तीन) जना उम्मेदवारहरुको छोटो सूची, लिखित परीक्षा र अन्तर्वार्ता परीक्षा समेतको प्राप्ताङ्कका आधारमा देहाय बमोजिमको योग्यताक्रम कायम हुन आएकोले नियमानुसार करार नियुक्तिका लागि सिफारिस गर्ने मिति २०७७।०९।०६ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

सिफारिस योग्यताक्रमः

| यो.क्र. सं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम | सिफारिस हुने विद्यालय |
|---|---|---|---|---|---|---|
| १ | ०२ | गोविन्द पुन | भूमे-६, रुकुम(पूर्व) | बल ब./ भिउमालि | मनराज | त्रिवेणी माद्यामिक विद्यालय काँक्री |

वैकल्पिक योग्यताक्रमः

| यो.क्र.सं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०३ | रमिता पुन मगर | भूमे-४ , रुकुम(पूर्व) | लालजित/बालदेवी | चन्द्रविर | |

नोटः सिफारिस भएका उम्मेदवारहरुले सिफारिस भएको मितिले ७ (सात) दिनभित्र नियुक्ति नलिएमा वैकल्पिक उम्मेदवारलाई सिफारिस गरिनेछ।

चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(आन्तरिक पदपूर्ति समिति)

खाबाङवगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश,नेपाल

**माद्यामिक तह गणित विषयको सिफारिस सम्बन्धी सूचना!**

मितिः २०७७।०९।०६

यस कार्यालयको विज्ञापन नं. १०/२०७७-०७८ माद्यामिक तह गणित विषयको माग पद संख्या २ (दुई) का लागि छोटो सूची र लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका ३ (तीन) जना उम्मेदवारहरुको मिति २०७७।०९।०४ गते अन्तर्वार्ता परीक्षा सञ्चालन भएकोमा अन्तर्वार्तामा उपस्थित ३ (तीन) जना उम्मेदवारहरुको छोटो सूची, लिखित परीक्षा र अन्तर्वार्ता परीक्षा समेतको प्राप्ताङ्कका आधारमा देहाय बमोजिमको योग्यताक्रम कायम हुन आएकोले नियमानुसार करार नियुक्तिका लागि सिफारिस गर्ने मिति २०७७।०९।०६ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**सिफारिस योग्यताक्रमः**

| यो.क्र. सं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम | सिफारिस हुने विद्यालय |
|---|---|---|---|---|---|---|
| १ | ०४ | धर्मराज ओली | शिवरथ-५ , सल्यान | लछु/सिता | टिकाराम | जनशक्ति माद्यामिक विद्यालय काँडा |
| २ | ०१ | दिपेन्द्र खत्री | वाफिकोट-६, रुकुम (पश्चिम) | द्रबे /मैसरी | नरविर | माद्यामिक विद्यालय कुचिवाङ |

**वैकल्पिक योग्यताक्रमः**

| यो.क्र.सं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०३ | सृजना के.सि. | सिस्ने गा.पा.-६, रुकुम (पूर्व) | श्रीधर/विष्णु | खिम ब. | |

नोटः सिफारिस भएका उम्मेदवारहरुले सिफारिस भएको मितिले ७ (सात) दिनभित्र नियुक्ति नलिएमा वैकल्पिक उम्मेदवारलाई सिफारिस गरिनेछ।

चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

(शिक्षा,युवा तथा खेलकुद शाखा)

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

मिति: २०७७/०९/१०

प.सं.: शिक्षा (प्रशासन)/०७७/७८
च.नं.: १५

विषय: उपस्थिति सम्बन्धमा ।

श्री आधारभूत विद्यालय सबै ।
श्री माध्यमिक विद्यालय सबै ।

प्रस्तुत विषयमा भूमे गाउँपालिकाको बार्षिक शैक्षिक कार्यक्रम बमोजिम सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयमा स्वास्थ्य विषय शिक्षण गर्ने शिक्षकहरूलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी दुई(२) दिने तालिम सञ्चालन हुने भएकोले आधारभूत **विद्यालयको हकमा १ जना र माध्यमिक विद्यालयको (आधारभूत तह -१ माध्यमिक तह -१) हकमा** २ जना शिक्षकहरु तपसिलको मिति,समय र स्थानमा उपस्थितिका लागि अनुरोध छ ।

<u>तपसिल</u>

मिति: २०७७/०९/१६ र १७ गते
समय: ११ बजे बिहान
स्थान: भूमे गाउँकार्यपालिकाको कार्यालय खाबाङबगर रुकुम (पूर्व) ।

०७७/०९/१०

कौशल कुमार तिवारी
शिक्षा अधिकृत (छैटौं)

<u>बोधार्थ</u>: सूचना अभिलेख केन्द्र। web site मा upload गर्नु हुन ।

**मिति २०७७ पुस ५ देखि २०७७ पुस १० सम्म गाउँ कार्यपालिका अन्तर्गतका शाखा/एकाई तथा वडा कार्यालयहरुबाट सम्पादित मुख्य मुख्य कार्यहरु**

| शाखा/इकाई/केन्द्र | मुख्य मुख्य कामको विवरण |
|---|---|
| **आर्थिक प्रशासन शाखा** | • हालसम्मको आम्दानीः रु ७३,८६,०८७।४६।- (अक्षरुपी त्रिहत्तर लाख छयासी हजार सतासी पैंसा छयालीस मात्र)<br>• खर्चः ३३,१५,०३२।- (तेत्तिस लाख पन्ध्र हजार बत्तीस मात्र) |
| सामाजिक विकास शाखा | |
| **स्वास्थ्य इकाई** | • HMIS DATA ENTRY ७ Staff nurse, Lab technician पदकको परिक्षा सकाइ सूचना प्रकाशन गरी ३ जनालाई सिफारिस<br>• HMIS Format collection ३ |
| **महिला बालबालिका तथा समाज कल्याण इकाई** | • कार्यक्रम संख्याः<br>• समूह गठनः ०. समूह बैठक ०..<br>• तालिम सञ्चालनः ०<br>• |
| **सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई / MIS** | • घटना दर्ताः ० सामाजिक सुरक्षा नयाँ इन्ट्री१७ , लगत कट्टा ………३१……. |
| पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा | |
| **भवन तथा मापदण्ड कार्यान्वन इकाई** | • नयाँ घर निर्माण इजाजतः ० <br>• पुरानो घर नक्सा अभिलेखः ० |
| **सडक तथा अन्य पूर्वाधार विकास इकाई** | • सर्वे तथा लागत अनुमानः ५, स्थलगत अनुगमन तथा निर्देशनः१<br>• कार्य सम्पन्न सिफारिसः ३ |
| **वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन इकाई** | • सरसफाई सम्बन्धी कार्यक्रम कार्यान्वयनः ०<br>• विपद् व्यवस्थापन सम्बन्धी आयोजना/ कार्यक्रमः ० |
| प्रशासन,योजना तथा अनुगमन शाखा | |
| प्रशासन इकाई | • दर्ताः ३५, चलानी ५१, सिफारिस सम्बन्धी कार्यः १६, विविध बैठकः १ , |
| राजस्व इकाई | • यो हप्ताको कुल आम्दानीः ८७५० । - |
| योजना तथा अनुगमन इकाई | • यो हप्ताको (सम्झौताः ११, अनुगमनः २., भुक्तानीः ४. )<br>• हाल सम्मको (सम्झौताः १३०, अनुगमनः २., भुक्तानीः २०. ) |
| कानूनी मामिला इकाई | • कानून ड्राफ्ट संख्याः ० |
| शिक्षा, यूवा तथा खेलकूद शाखा | |
| | • यो हप्ताको (विद्यालय अनुगमन नभएको , परिपत्र तथा समन्वय ३<br>• स्वयंसेवक शिक्षकको लिखित तथा मौखिक दुवै चरणको अन्तिम नतिजा प्रकाशन,<br>• स्वयंसेवक शिक्षकको करार सम्झौता र नियुक्ति<br>• हालसम्म (विद्यालय अनुगमन २ पटक , परिपत्र ५३ तथा समन्वय ……, |

| | |
|---|---|
| रोजगार सेवा केन्द्र | • हालसम्म बेरोजार सूचीमा सूचीकृतः ७२० काममा लागेका बेरोजगार व्यक्ति संख्याः ८८आयोजना संख्याः १३, आयोजनाको अवस्थाः (सम्झौताः १२, काम सुरु १२ सम्पन्न ० )प्राविधिक अनुगमनः १ पटक |
| सूचना तथा अभिलेख केन्द्र/ स्थानीय आपतकालीन केन्द्र | • विपद् तथ्याङ्क अद्यावधि (मानवीय क्षतिः मृत्युः १ जना वडा नं ३ मा सडक भन्दा माथिबाट ढुङ्गाले टाउकोमा लाग्दा मृत्यु भएको थियो भने वडा नं २ खाबाङ स्थित बाइक दुर्घटनामा १ जना घाईते, सम्पत्ति नोक्सान हुने गरि ५ गते देखि यता कुनै विपद् नआएको ।<br>• वेबसाइट अद्यावधिः १० पटक, इमेल पठाइएको सङ्ख्याः १३<br>• ICT Device सपोर्टः २० पटक,<br>• अन्य कार्य (वडा नं ८मा गई प्रिन्टर कम्प्यूटर तथा ईन्टनेटमा देखिएको समस्या समाधान त्यसैगरी वडा नं ९ मा पनी प्रिन्टर कम्प्यूटर तथा ईन्टनेटमा देखिएको समस्या समाधान तथा पञ्जिकरण विभागबाट आएको नयाँ कम्प्यूटर सेट जडान तथा अनुगमन ।) |
| कृषि सेवा केन्द्र | • कृषकलाई दिएको परामर्श संख्याः १५ जना कृषकहरुलाई ।<br>• ७५% अनुदानमा प्लाष्टिक वितरण कार्यक्रम ७५% अनुदानमा मौरी घार वितरण कार्यक्रम ५०% अनुदानमा हिउँदे फलफूल वितरण कार्यक्रम ७५% अनुदानमा च्याउ वितरण कार्यक्रम मागको सुचना प्रकाशन |
| पशु सेवा केन्द्र | • नियमित पशु चौपाया उपचार संख्याः कुखुरा ३८ बाख्रा ३० भैसी १०<br>• अन्य सम्पादित संख्या पौष ९ गते बाख्रा फारम नामसारी १ भूमे ८ को राँगो अनुगमन सर्जिमन मुचुल्का १ राँगो परिवर्त सम्बन्धी सिफारिस १ |
| वहुक्षेत्रीय पोषण योजना कार्यक्रम | • कार्यक्रम संख्याः ०. कार्यक्रमःहालसम्म कुनैपनि फुकुवा तथा सुचना नआएको हुनाले कार्य सम्पादन नभएको |
| खानेपानी तथा सरसफाई योजना (वास) कार्यान्वयन | • वडा स्तरीय सरसफाई बैठकः समन्वय बैठक३ |
| उद्यम विकास | • कार्ययोजना तयार र अफिस व्यवस्थापन |
| गरिबसँग विश्वेश्वर कार्यक्रम | समूह गठन र बैठक सम्पन्न |
| वडा नं. १ | • व्यक्तिगत घटना दर्ता संख्याः ६, नागरिकता सिफारिसः १, अन्य विविध सिफारिस २, वडा समितिको बैठक १, अन्य समन्वय बैठक १, मेलमिलाप संख्या ०, राजस्व आम्दानी ४४४५ |
| वडा नं. २ | • व्यक्तिगत घटना दर्ता संख्याः ........, नागरिकता सिफारिसः ........, अन्य विविध सिफारिस ........, वडा समितिको बैठक ........, अन्य समन्वय बैठक ........, मेलमिलाप संख्या ......., राजस्व आम्दानी<br>• विवरण प्राप्त नभएको |

| | |
|---|---|
| वडा नं. ३ | • *व्यक्तिगत घटना दर्ता संख्याः ………, नागरिकता सिफारिसः ………, अन्य विविध सिफारिस ………, वडा समितिको बैठक ………, अन्य समन्वय बैठक ………, मेलमिलाप संख्या ……., राजस्व आम्दानी ………* **विवरण प्राप्त नभएको** |
| वडा नं. ४ | • *व्यक्तिगत घटना दर्ता संख्याः ०, नागरिकता सिफारिसः०, अन्य विविध सिफारिस ४, वडा समितिको बैठक १, अन्य समन्वय बैठक ०, मेलमिलाप संख्या ०, राजस्व आम्दानी ……* |
| वडा नं. ५ | • *व्यक्तिगत घटना दर्ता संख्याः ०, नागरिकता सिफारिसः २, अन्य विविध सिफारिस ७, वडा समितिको बैठक १, अन्य समन्वय बैठक ०, मेलमिलाप संख्या ०, राजस्व आम्दानी२००* |
| वडा नं. ६ | • *व्यक्तिगत घटना दर्ता संख्याः ………, नागरिकता सिफारिसः ………, अन्य विविध सिफारिस ………, वडा समितिको बैठक ………, अन्य समन्वय बैठक ………, मेलमिलाप संख्या ……., राजस्व आम्दानी*<br>• **विवरण प्राप्त नभएको** |
| वडा नं. ७ | • *व्यक्तिगत घटना दर्ता संख्याः ………, नागरिकता सिफारिसः ………, अन्य विविध सिफारिस ………, वडा समितिको बैठक ………, अन्य समन्वय बैठक ………, मेलमिलाप संख्या ……., राजस्व आम्दानी*<br>• **विवरण प्राप्त नभएको** |
| वडा नं. ८ | • *व्यक्तिगत घटना दर्ता संख्याः ०, नागरिकता सिफारिसः ०, अन्य विविध सिफारिस ९, वडा समितिको बैठक १, अन्य समन्वय बैठक १ मेलमिलाप संख्या ०, राजस्व आम्दानी १२५०*<br>• *अन्य कार्यहरु ५* |
| वडा नं. ९ | • *व्यक्तिगत घटना दर्ता संख्याः ०, नागरिकता सिफारिसः ०, अन्य विविध सिफारिस ९, वडा समितिको बैठक १, अन्य समन्वय बैठक १, मेलमिलाप संख्या ०, राजस्व आम्दानी १२५०*<br>• *अन्य कार्यहरु ५* |

# उपभोक्ता तथा व्यापारी वर्गमा भूमे गाउँपालिका, रुकुम (पूर्व)को अपिल!

१) कारोबार स्थलमा साइनबोर्ड, मूल्य सूची भए नभएको हेर्ने बानी बसालौं । प्याकिङमा अधिकतम् खुद्रा मूल्य (MRP), उपभोग्य अवधि (Best Before BB) हेरेर मात्र सामान खरिद गरौं ।

२) प्याकिङ सामानमा लेबल, उत्पादकको नाम, ठेगाना, वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति र उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं ।

३) उत्पादन मिति, उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु खरिद नगरौं ।

४) औषधी तथा औषधिजन्य पदार्थहरको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

५) वस्तु उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थ, भण्डारण विधि, उपयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

६) सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने बानी गरौं ।

७) कमसल उपभोग्य वस्तु वा सेवाको प्रयोगबाट कुनै हानी नोक्सानी भएमा पालिका वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी गरौं ।

८) अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा नजिकको गाउँ/नगरपालिका वा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागमा उजुरी गरौं ।

९) व्यवसाय दर्ता गरेको व्यवसायीसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।

१०) उपभोक्ता हित विपरित हुने कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं ।